# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
## नियमन तथा व्यवस्थापन विभाग


**धितोपत्रको कारोबार गर्दा धितोपत्रमा निहित जोखिम मूल्याङ्कन गरी कारोबार गर्ने सम्बन्धमा जारी गरिएको**

**प्रेश विज्ञप्ती**

धितोपत्र बजारले प्रविधिमा फड्को मार्दै गर्दा लगानीकर्ताले घरमा बसी कारोबार गर्न पाएको सर्वविदितै छ । अहिलेको प्रतिकूल अवस्थामा समेत धितोपत्र बजारमा कारोबार सुचारु रहेकोले लगानीकर्ताहरुले ज्यादै उत्साहका साथ धितोपत्र कारोबार गरिरहेकोमा बोर्ड सम्पूर्ण लगानीकर्ताहरुलाई धन्यबाद दिन चाहन्छ । अहिलेको अवस्था हेर्दा लगानीकर्ताहरुले धितोपत्र बजारलाई गरेको विश्वासले गर्दा कारोबार रकममा ऐतिहासिक रेकर्ड स्थापना कायम भई करीव रु.बीस अर्ब नजिक पुगेको छ । यसरी कारोबार रकममा रेकर्ड कायम हुन गएकोमा बोर्डले यसलाई सकारात्मक रुपमा लिएको छ र बजारका सम्पूर्ण सहभागीहरु धन्यबादका पात्र हुनुहुन्छ ।

धितोपत्र बजार जोखिम मुक्त नरहेको हुँदा यस बजारमा लगानी गर्ने लगानीकर्ताले जोखिमको आकलन गरेरमात्र लगानी गर्नु पर्दछ । बजारको सर्वमान्य सिद्धान्त अनुसार धितोपत्र बजार संधै बढी रहने मात्र नभई समय क्रममा घटबढ भइ रहने बजार हो । यस बजारमा हल्ला वा लहलहैमा लागेर लगानी गर्नु अत्यन्त जोखिमयुक्त हुन्छ । कुनै पनि धितोपत्रमा लगानी गर्नुपूर्व उक्त कम्पनीको वित्तीय अवस्था र विविध परिसूचक बारे बढी भन्दा बढी जानकारी प्राप्त गरी आफ्नो जोखिम बहन गर्न सक्ने क्षमता मूल्याँकन गरेर मात्र लगानी सम्बन्धी निर्णय गर्नु उपयुक्त हुन्छ ।

लगानीकर्ताको हित संरक्षणका लागि बोर्ड सदैव तत्पर रहेको छ । लगानीकर्ताको हितका लागि बोर्डले समय समयमा सूचना तथा जानकारी प्रकाशन गर्नुका साथै बजारप्रति सचेत गराउने कार्य समेत गर्दै आएको छ । लगानीकर्ताको हित संरक्षणका लागि बोर्डले बजारका हरेका क्रियाकलापलाई नजिकबाट अध्ययन गर्ने गरेको र बजार सहभागीको जोखिमको स्तरलाई  विश्लेषण गर्ने कार्य समेत गर्दै आएको छ । यसै सन्दर्भमा धितोपत्र बजारमा सूचिकृत रहेका हरेका संगठित संस्थाको सम्बन्धमा बोर्डले निरन्तर रुपमा अध्ययन र अनुगमन गर्दै आएको छ । बोर्डबाट गरिएको अध्ययन र अनुगमनका क्रममा कतिपय सूचिकृत कम्पनीहरुले समयमा सूचना जानकारी प्रवाह नगराएकोमा त्यस्ता कम्पनीहरुको कारोबार स्थगन हुने व्यवस्था समेत गरेको छ । विगतको एक वर्ष अवधिमा सूचिकृत संगठित संस्थाहरुको मूल्य बृद्धि ३०० प्रतिशत र सोभन्दा बढी प्रतिशतले बृद्धि भएका, मूल्य आम्दानी अनुपात (P/E Ratio) १०० र सोभन्दा बढी भएका, प्रति शेयर आम्दानी ऋणात्मक भएका, प्रति शेयर अंकित मूल्यभन्दा प्रति शेयर नेटवर्थ कम भएका, कम्पनीको वर्तमान वित्तीय क्षमताको मूल्याँकन समेतका आधारमा हाल जोखिमयुक्त देखिएका ५१ वटा सूचिकृत संगठित संस्थाहरु छनौट गरी बोर्डबाट प्रारम्भिक अध्ययन गरिएको थियो । साथै उक्त सूचिकृत संगठित संस्थाहरुको कारोवारमा भित्री कारोवार, सर्कुलर कारोवार, कर्नरिङ लगायतका धितोपत्र सम्बन्धी कसूरका सम्बन्धमा समेत विस्तृत अध्ययन कार्य अगाडि बढाईएको व्यहोरा बोर्ड जानकारी गराउन चाहन्छ । बोर्डबाट गरिएको उक्त प्रारम्भिक अध्ययनबाट सम्बन्धित संगठित संस्थाको सम्बन्धमा लगानीकर्ताले समेत आवश्यक जानकारी प्राप्त गरी लगानी सम्बन्धी निर्णय गर्न


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np

उचित हुने देखिएकोले हाललाई त्यस्ता जोखिमयुक्त कम्पनीहरुको परिसूचक/विवरण लगानीकर्ताहरुको जानकारीका लागि यसै विज्ञप्ती साथ प्रकाशित गरिएको छ ।

धितोपत्र बजारको जोखिमलाई मनन गरी लगानी गर्नका लागि बोर्डबाट भएको अध्ययनले लगानीकर्तालाई लगानी सम्बन्धी निर्णय गर्न सहयोग पुगोस भन्ने आशयले प्रकाशित यस विवरणलाई समेत दृष्टिगत गरी लगानी सम्बन्धी निर्णय गर्नुहुन बोर्ड हार्दिक अनुरोध गर्दछ ।

धितोपत्र बजारको विकास र स्थायित्वले देशको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान दिने भएकोले यसको विकासका लागि सम्पूर्ण सरोकारवालाहरुबाट आवश्यक सहयोग प्राप्त हुने कुरामा बोर्ड विश्वस्त रहेको छ । धितोपत्र बजारमा लगानीकर्ताको विश्वास कायम रहेमा मात्र यसको विकास र स्थायित्व कायम हुने र देशको अर्थतन्त्रमा सकारात्मक भूमिका खेल्ने भएकोले लगानीकर्ताहरुको विश्वास कायम राख्नका लागि निरन्तर रुपमा बोर्डले आवश्यक कार्य गर्ने नै छ ।सदा झैं लगानीकर्ताबाट आफ्नो जोखिम वहन क्षमतालाई दृष्टिगत गरी वित्तीय परिसूचक मूल्याँकन गरी सुझबुझ पूर्वक लगानी सम्बन्धी निर्णय लिन बोर्ड सम्बन्धित सबैलाई अनुरोध गर्दछ ।

............................

प्रवक्ता

मिति: २०७८।०३।०१

प्रवक्ता

## अध्ययनका लागि छनौट गरिएका ५१ वटा सूचिकृत संगठित संस्थाहरुको वित्तीय विवरण :

| S.N. | Company Name | Sector | Price as on 2073 Shrawan 12 or LTP ( Nepse Index 1881.45) | Closing Price as on 2077 Baisakh 30 or LTP (Nepse Index 1221.31) | Closing Price as on 2078 Jestha 31 (Nepse Index 3025.83) | EPS | PE Ratio | net worth |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Corporate Development Bank Limited (CORBL) | Development Bank | 129 | 114 | 732 | 5.03 | 145.53 | 152.08 |
| 2 | Narayani Development Bank Limited | Development Bank | 435 | 435 | 690 | -5.34 | -129.21 | 36.15 |
| 3 | Gurkhas Finance Ltd. (GUFL) | Finance | 228 | 113 | 1379 | 42.05 | 32.79 | 195.27 |
| 4 | Multipurpose Finance Company Limited (MPFL) | Finance | 273 | 119 | 453 | 4.8 | 94.38 | 116.73 |
| 5 | Nepal Finance Ltd. (NFS) | Finance | 126 | 119 | 504 | 2.11 | 238.86 | 136.86 |
| 6 | Samriddhi Finance Company Limited (SFCL) | Finance | 89 | 97 | 451 | 1.78 | 253.37 | 62.93 |
| 7 | Chandragiri Hills Limited (CGH) | Hotels & Tourism | Not Listed | Not Listed | 1731 | -11.81 | -146.57 | 79.09 |
| 8 | Soaltee Hotel Limited (SHL) | Hotels & Tourism | 438 | 166 | 292 | -1.62 | -180.25 | 17.96 |
| 9 | Ankhu Khola Jalvidhyut Company Ltd. (AKJCL) | Hydro Power | Not Listed | 52 | 335 | -13.89 | -24.12 | 64.05 |
| 10 | Arun Valley Hydropower Development Co. Ltd. (AHPC) | Hydro Power | 427 | 92 | 547 | 9.07 | 60.31 | 109.32 |
| 11 | Barun Hydropower Co. Ltd. (BARUN) | Hydro Power | 535 | 85 | 645 | 4.02 | 160.45 | 103.01 |
| 12 | Chhyangdi Hydropower Ltd. (CHL) | Hydro Power | Not Listed | 83 | 548 | 4.78 | 114.64 | 103.75 |
| 13 | Dibyashwori Hydropower Ltd. (DHPL) | Hydro Power | Not Listed | 51 | 327 | -6.85 | -47.74 | 26.86 |
| 14 | Himalaya Urja Bikas Company Limited | Hydro Power | Not Listed | 94 | 411 | 0.09 | 4566.67 | 99.24 |

प्रवक्ता

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (HURJA) | | | | | | | |
| 15 | Khanikhola Hydropower Co. Ltd. (KKHC) | Hydro Power | Not Listed | 54 | 275 | -21.27 | -12.93 | -29.41 |
| 16 | Liberty Energy Company Limited (LEC) | Hydro Power | Not Listed | Not Listed | 456 | -2.28 | -200.00 | 90.23 |
| 17 | Mountain Energy Nepal Limited (MEN) | Hydro Power | Not Listed | Not Listed | 959 | 2.83 | 338.87 | 130.88 |
| 18 | Mountain Hydro Nepal Limited (MHNL) | Hydro Power | Not Listed | 88 | 398 | 1.32 | 301.52 | 88.59 |
| 19 | Panchakanya Mai Hydropower Ltd. (PMHPL) | Hydro Power | Not Listed | 76 | 356 | -1.48 | -240.54 | 80.78 |
| 20 | Radhi Bidyut Company Ltd. (RADHI) | Hydro Power | Not Listed | 175 | 1086 | 17.63 | 61.60 | 151.85 |
| 21 | Rairang Hydropower Development Company Ltd. (RRHP) | Hydro Power | Not Listed | 90 | 464 | 13.03 | 35.61 | 200 |
| 22 | RASUWAGADHI HYDROPOWER COMPANY LIMITED (RHPL) | Hydro Power | Not Listed | 153 | 579 | -0.53 | -1092.45 | 96.32 |
| 23 | Ridi Hydropower Development Company Ltd. (RHPC) | Hydro Power | 399 | 77 | 657 | 4.88 | 134.63 | 103.84 |
| 24 | SANJEN JALAVIDHYUT COMPANY LIMITED (SJCL) | Hydro Power | Not Listed | 137 | 516 | -0.86 | -600.00 | 95 |
| 25 | Synergy Power Development Ltd. (SPDL) | Hydro Power | Not Listed | 91 | 479 | 11.39 | 42.05 | 108.66 |
| 26 | Union Hydropower Limited (UNHPL) | Hydro Power | Not Listed | 52 | 368 | 2.39 | 153.97 | 90.1 |
| 28 | UNIVERSAL POWER COMPANY LTD | Hydro Power | Not Listed | 73 | 361 | 1.17 | 308.55 | 105.68 |
| 27 | Upper Tamakoshi Hydropower Ltd (UPPER) | Hydro Power | Not Listed | 221 | 784 | -0.44 | -1781.82 | 92.2 |
| 29 | Asian Life Insurance Co. Limited (ALICL) | Life Insurance | 1840 | 492 | 1451 | 12.08 | 120.12 | 140.84 |
| 30 | Gurans Life Insurance Company Ltd. (GLICL) | Life Insurance | 990 | 391 | 855 | 7.04 | 121.45 | 129.31 |
| 31 | Life Insurance Co. Nepal (LICN) | Life Insurance | 3556 | 1115 | 2547 | 6.95 | 366.47 | 139.74 |
| 32 | Nepal Life Insurance Co. Ltd. (NLIC) | Life Insurance | 4020 | 1023 | 2091 | 9.38 | 222.92 | 123.92 |

प्रवक्ता

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 33 | Reliance Life Insurance Limited (RLI) | Life Insurance | Not Listed | Not Listed | 734 | 4.18 | 175.60 | 110.88 |
| 34 | Himalayan Distillery Limited (HDL) | Manufacturing & Processing | 495 | 1242 | 5495 | 103.4 | 53.15 | 188.54 |
| 35 | SHIVAM CEMENTS LTD (SHIVM) | Manufacturing & Processing | Not Listed | 473 | 1592 | 33.03 | 48.20 | 215.38 |
| 36 | Ghodighoda Laghubitta Bittiya Sanstha Ltd. | Microfinance | Not Listed | 705 | In a merger Process | -17.7 | In a merger Process | In a merger Process |
| 37 | Mahila Lagubitta Bittiya Sanstha Limited (MLBSL) | Microfinance | Not Listed | Not Listed | 5050 | 85.66 | 58.95 | 291.84 |
| 38 | National Hydropower Company Ltd. (NHPC) | Hydro Power | 207 | 53 | 329 | 2.15 | 153.02 | 75.97 |
| 39 | Panchathar Power Company Ltd. (PPCL) | Hydro Power | Not Listed | 107 | 429 | 9.48 | 45.25 | 88.51 |
| 40 | Ajod Insurance Limited (AIL) | Non Life Insurance | Not Listed | Not Listed | 915 | 8.15 | 112.27 | 117.68 |
| 41 | IME General Insurance Ltd. (IGI) | Non Life Insurance | 80 | 347 | 1332 | 23.24 | 57.31 | 169.87 |
| 42 | Rastriya Beema Company Limited (RBCL) | Non Life Insurance | 7745 | 8900 | 22445 | 135 | 166.23 | 1263.38 |
| 43 | Sanima General Insurance Limited (SGI) | Non Life Insurance | Not Listed | Not Listed | 823 | 7.8 | 105.51 | 117.06 |
| 44 | United Insurance Co. (Nepal) Ltd. (UIC) | Non Life Insurance | 1285 | 298 | 830 | 5.13 | 161.79 | 144.01 |
| 45 | Citizen Investment Trust (CIT) | Others | 5220 | 2367 | 4107 | 26.31 | 156.10 | 156* |
| 46 | Hydorelectricity Investment and Development Company Ltd (HIDCL) | Others | 425 | 126 | 414 | 5.16 | 80.23 | 109.55 |
| 47 | Nepal Infrastructure Bank Limited (NIFRA) | Others | Not Listed | Not Listed | 550 | 5.02 | 109.56 | 110.77 |
| 48 | Nepal Reinsurance Company Limited (NRIC) | Others | Not Listed | 400 | 1868 | 10.74 | 173.93 | 155.26 |
| 49 | NRN Infrastructure and Development Limited (NRN) | Others | Not Listed | Not Listed | 740 | 1.97 | 375.63 | 101.16 |
| 50 | Bishal Bazar Company Limited (BBC) | Trading | 2030 | 1528 | 6477 | 250.3 | 25.88 | 1685.32* |

प्रवक्ता

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 51 | Salt Trading Corporation (STC) | Trading | 215 | 2400 | 10665 | 26.35 | 404.74 | 414.9* |

* आ.व. २०७७/७८ को दोस्रो त्रैमासिक प्रतिवेदन बमोजिम

प्रवक्ता